## व्यवस्थापकीय सारः

१. दूरसञ्चार सेवाको अनुमतिपत्र प्राप्त संस्थामा एकै व्यक्ति समुहको लगानी विभिन्न संस्थाहरुमा रहन मिल्ने वा नमिल्ने (Cross Holding) सम्बन्धमा अध्ययन गरी प्रतिवेदन पेश गर्न कार्य टोली गठन गरेको थियो ।

२. कार्य टोलीले अध्ययन प्रतिवेदन पेश गरेकोमा प्राधिकरणको बैठकबाट प्रस्तुत बिषयमा बिज्ञ र सरोकारवालाहरुको राय सूझावका लागि प्राधिकरणको वेवसाईट www.nta.gov.np मा तिस (३०) दिनको समय दिई राखेर सुझाव प्रतिक्रिया प्राप्त भएमा आवश्यक परीमार्जन गरी कायान्वयन गर्ने निर्णय गरेको छ ।

३. तसर्थ प्रस्तुत बिषयमा आफ्नो अमूल्य राय सुझाव मिति २०७० फागुन ५ गते भित्र देहायको ठेगानामा पठाई सहयोग गर्नुहुन सादर अनुरोध गर्दछु साथै प्रस्तुत बिषयमा कुनै जिज्ञासा भएमा वा जानकारी चाहिएमा ntra@nta.gov.np वा कैलाशप्रसाद न्यौपाने, उप निर्देशक, (कानुन शाखा) (email:kpneupane@nta.gov.np, Telephone No: 977-1-4101030) मा संपर्क राख्नुहुन अनुरोध गर्दछु ।

निर्देशक एवं निमित्त
कार्यकारी प्रमुख
आनन्द राज खनाल
ठेगानाः
नेपाल दूरसञ्चार प्राधिकरण
ब्युस्टार अफिस कम्प्लेक्स
त्रिपुरेश्वर काठमाण्डौ
फोन:४१०१०३०, ४१०१०३१
email: ntra@nta.gov.np
kpneupane@nta.gov.np

**दूरसञ्चार सेवाको अनुमतिपत्र प्राप्त संस्थामा एकै व्यक्ति समुहको लगानी विभिन्न संस्थाहरुमा रहन मिल्ने वा नमिल्ने (Cross Holding) सम्बन्धमा अध्ययन गरी प्रतिवेदन पेश गर्न गठित कार्यटोलीको प्रतिवेदन सम्बन्धमा आफ्नो अमूल्य राय, सुझाव, प्रतिक्रिया व्यक्त गर्न हुन सम्बन्धित विज्ञ, सरोकारवालाहरु समक्ष सादर अनुरोध छः-**

१. दूरसञ्चार सेवा सञ्चालन गर्ने कम्पनीलाई बैंक तथा वित्तिय संस्था सरह पब्लिक कम्पनीको रुपमा दर्ता गराउने कानूनी व्यवस्था गर्न उपयुक्त हुन्छ वा (प्राईभेट वा पब्लिक जुनसुकै कम्पनीको रुपमा) हाल भएको व्यवस्था बमोजिम सञ्चालन गर्न दिन उपयुक्त हुन्छ ?

२. एउटै व्यक्ति समूहले एउटा भन्दा बढि दूरसञ्चार कम्पनीमा (Cross Holding) लगानी गर्न दिन हुन्छ वा हुदैन ?

३. एउटै व्यक्ति समूहले एउटा भन्दा बढि दूरसञ्चार कम्पनीमा लगानी गर्न (Cross Holding) दिने हो भने कति प्रतिशत सम्म लगानी गर्न दिनु उपयुक्त हुन्छ ? त्यसका लागि कस्तो कस्तो शर्त राख्न आवश्यक हुन्छ ?

४. दूरसञ्चार कम्पनीहरुको शेयर खरदि विक्रि गर्नु अघि प्राधिकरणको पूर्व स्वीकृति लिनु पर्ने व्यवस्था गर्न उपयुक्त हुन्छ वा हुदैन ?

५. नेपालस्थित दूरसञ्चार कम्पनीको शेयरधनी विदेशी व्यक्ति वा कम्पनी रहेको अवस्थामा विदेशमा रहेको कम्पनीको शेयर खरिद विक्रि विदेशमै हुने हुंदा त्यस्तो विदेशमा रहेको कम्पनीको शेयर विदेशमै खरिद विक्रि गर्दा नेपालमा रहेको दूरसञ्चार कम्पनीको शेयरधनी (बिदेशी कंपनी) ले प्राधिकरणको वा कूनकून नियामक निकायको पूर्व स्वीकृति लिनु पर्ने वा नपर्ने ? सम्बन्धित नियामक निकायको पूर्व स्वीकृति लिनु पर्ने ब्यवस्था गर्ने के कस्तो शर्त राख्ने वा कानुनी ब्यवस्था गर्ने ?

६. विदेशी कम्पनीको शेयर विदेशमा नै किनबेच गर्दा नेपालमा रहेको कंपनीको शेयरको मूल्य बढ्न गै त्यस्तो किनवेच भई हुने आयको मुनाफामा Capital Gain Tax असूल गर्ने सम्बन्धी के व्यवस्था गर्न उपयुक्त हुन्छ ?

७. तत्कालका लागि नेपाल दूरसञ्चार प्राधिकरणले चाल्नु पर्ने कुनै कदम भए सो र Cross Holding लाई नियमित र व्यवस्थित गर्न प्रतिवेदनमा उल्लेख भए बमोजिमका कानूनमा संशोधन गर्नु पर्छ वा अन्य विधिबाट कार्यान्वयन गर्न सकिन्छ सो सम्बन्धमा राय सुझाव दिन हुन अनुरोध छ ।

नोटः कृपया कुनै प्रतिक्रिया भएमा तलको ठेगानामा सम्पर्क गर्नु हुन वा पठाउनु हुन अनुरोध छ ।

कानून शाखा,
नेपाल दूरसञ्चार प्राधिकरण
ब्युस्टार अफिस कम्प्लेक्स
त्रिपुरेश्वर काठमाण्डौ
फोनः४१० १०३०, ४१० १०३१
email: ntra@nta.gov.np
kpneupane@nta.gov.np

# राय, प्रतिक्रिया वा सुझाव पठाउने नमुना ढांचा

परामर्श दिने व्यक्ति वा संस्थाको नामः

सम्पर्क माध्यम (फोन, ईमेल, आदि):

| सि.नं. | राय सुझाव |
| --- | --- |
| | |
| | |
| | |
| | |
| | |
| | |
| | |
| | |
| | |
| | |

# एकै ब्यक्ति वा समुहको एक भन्दा बढी दूरसञ्चार सेवा प्रदायक संस्थाहरुमा लगानी

## (Cross Holding) सम्बन्धी अध्ययन कार्यटोलीको प्रतिवेदन

## भाग १

### १. पृष्ठभूमिः

नेपाल सरकारले दूरसञ्चार सेवालाई विकासको आधारभूत पूर्वाधारको रुपमा ग्रहण गरेको छ । नेपालको कठिन भूबनोटको कारणबाट अन्य पूर्वाधारको तुलनामा दूरसञ्चार बढी महत्वपुर्ण पनि देखिन्छ । राष्ट्रिय सञ्चार नीति, २०४९ बाट सूचना तथा सञ्चार क्षेत्रको उदारीकरणको प्रारम्भ भई २०५३ सालमा दूरसञ्चार ऐन, २०५३ लागू भएपछि दूरसञ्चार सेवा निजी क्षेत्रको लागि खुला भएको हो । नेपालमा एकमात्र सरकारी संस्था (तत्कालीन नेपाल दूरसञ्चार संस्थान) दूरसञ्चार सेवा प्रदायक रहेकोमा दूरसञ्चार ऐन, २०५३ लागू भएपछि दूरसञ्चार सेवाको अनुमतिपत्र जारी गर्ने लगायतका काम, कर्तव्य र अधिकार सहितको नियमनकारी निकायको रुपमा नेपाल दूरसञ्चार प्राधिकरणको स्थापना भएको छ । सो ऐन प्रारम्भ हुनासाथै निजी क्षेत्रलाई दूरसञ्चार सेवामा समावेश गर्ने कार्य प्रारम्भ भए पनि २०५९ सालमा मात्र प्रथम पटक यस क्षेत्रमा निजी क्षेत्रको प्रवेश भएको पाईन्छ । त्यसपछि क्रमशः बिभिन्न रुपमा दूरसञ्चार सेवाहरु खुल्ला भई हाल नेपाल दूरसञ्चार कम्पनी सहित ६ वटा बिभिन्न कम्पनीबाट बिभिन्न प्रविधिमा, बिभिन्न शर्तमा टेलिफोन सेवा सञ्चालन भई रहेका छन् । यस्ता सेवा संचालक संस्थामा विदेशी लगानी समेत रहेको पाईन्छ । सेवा प्रदायक संस्थामा शेयर धनीहरुको समय समयमा परिवर्तन भई रहेको पाईन्छ ।

**१.१ हाल कायम रहेका दूरसञ्चार टेलिफोन (Voice) सेवाको अनुमतिपत्र संस्थाको शेयरधनी विवरणः**

**List of Shareholders' of Voice Telephony and GMPCS Service Provider in Nepal**

| S. No. | Company Name | Name of Shareholder | Shareholder's Investment |
|---|---|---|---|
| 1 | STM Telecom Sanchar Pvt. Ltd. | a. STM Communication Service, Inc One Mauchly, Irvine, California | 80% |
| | | b. A. R. Investments Pvt. Ltd., Kathmandu, Nepal | 20% |
| 2. | Ncell Pvt. Ltd. | a. Reynolds Holdings Limited, Charlestown, Nevis, West Indies | 80% |

| | | | |
|---|---|---|---|
| | | b. Niraj Govinda Shrestha,<br>Tansen Municipality-8<br>Palpa District | 20% |
| 3. | United Telecom Limited | a. Mahanagar Telephone Nigam Limited (MTNL) | 26.68% |
| | | b. Telecommunication Consultants India Limited (TCIL) | 26.66% |
| | | c. Tata Communication Ltd. | 26.66% |
| | | d. Nepal Ventures Private Limited (NVPL) | 20% |
| 4. | Smart Telecom Pvt. Ltd. | a. Square Network Pvt. Ltd., Nepal | 20% |
| | | b. Lal Sahu Distribution Pvt. Ltd., Singapore | 70% |
| | | c. Gilat Satellite Networks Ltd., Israel | 10% |
| 5. | Nepal Satellite Telecom Pvt. Ltd. | Airbell Service Ltd.,<br>Cyprus | 75% |
| | | b. Muktishree Telecom Pvt. Ltd. | 15% |
| | | c. Samjhana Aryal, Lalitpur, Nepal | 5% |
| | | d. Pakistan Mobile Communication, Pakistan | 3% |
| | | e. Sheba Telecom Pvt. Ltd.,<br>Bangladesh | 2% |
| 6. | Nepal Doorsanchar Company Limited | State owned Telecom Company | 85% of Government Share |
| 7 | Constellation Pvt.Ltd. | Anudan Jung Rana | 100% |
| 8 | I4 Technologies Pvt.Ltd. | Raj Kumar Pradhan<br>Anil Piya | 50%<br>50% |

दूरसञ्चार सेवाको अनुमतिपत्र प्राप्त संस्थाहरुमा एकै ब्यक्ति, समूहको लगानी बिभिन्न संस्थाहरुमा रहेको हुन सक्ने र यस्तो कार्यबाट दूरसञ्चार बजारमा के कस्तो असर पर्छ र नियामक संस्थाको भूमिका के कस्तो हुनुपर्छ भन्ने बिषयमा अध्ययन भएको पाईदैन । एउटै लगानीकर्ताको एकभन्दा बढी दूरसञ्चार सेवाको अनुमतिपत्र प्राप्त संस्थाहरुमा लगानी भएमा अन्य क्षेत्रमा के कसरी नियमन गर्ने अभ्यास रहेकोछ सो को अध्ययन हुन आवश्यक देखिन्छ । दूरसञ्चार ऐन, २०५३ को दफा २७ बमोजिम अनुमतिपत्रको विक्रि वितरण हक हस्तान्तरणको सम्बन्धमा व्यवस्था गरेको पाईन्छ । दफा २७ बमोजिम विभिन्न समयमा विभिन्न कम्पनीका सेयरधनीहरु परिवर्तन भएका, अनुमतिपत्र विक्रि वितरण समेत भएको  पाईन्छन । यसरी विक्रि वितरण गर्दा दूरसञ्चार नियमावली, २०५४ को नियम १२ बमोजिम प्राधिकरणमा हक हस्तान्तरण दस्तुर समेत प्राप्त भएको पाईन्छ । कम्पनीको शेयर विक्रि वितरण गर्ने

कार्य कम्पनी ऐन, २०६३ बमोजिम हुने गरेको र सो कम्पनीको शेयर परिवर्तन पछि मात्रै सेवा प्रदायकले प्राधिकरणमा सोको जानकारी गराउदै आएको देखिन्छ । यसरी कम्पनीको शेयर परिवर्तन भै सकेपछि प्राधिकरणलाई जानकारी मात्रै दिदै जाँदा विभिन्न सेवा प्रदायक संस्थामा एउटै व्यक्ति, समुहको लगानी रहन गएको छ वा छैन भनी प्राधिकरणले पूर्व जानकारी राख्न सक्ने अवस्था देखिदैन । तसर्थ यसैको सिलसिलामा प्राधिकरणबाट कम्पनी रजिष्ट्रारको कार्यालयमा समन्वय गर्ने उद्देश्यले दूरसञ्चार कम्पनीको शेयर हक हस्तान्तरण विक्रि वितरण गर्दा प्राधिकरणसंग समेत पूर्व स्वीकृति लिने व्यवस्था गर्न पत्र पठाएको पाईए पनि कम्पनी रजिष्ट्रारको कार्यालयबाट उपयुक्त सहकार्यको वातावरण बन्न सकेको देखिदैन ।

यसै गरी सेवा संचालकहरुले पछिल्लो समयमा शेयर परिवर्तनको पूर्व स्वीकृति लिने गरको र प्राधिकरणबाट स्वीकृति दिने गरीदै आएको देखिन्छ ।

यसै क्रममा सेवा प्रदायक कम्पनीमा एउटै व्यक्ति समुहले लगानी गरी Cross Holding भएमा त्यसको नियमन गर्ने र प्रतिस्पर्धालाई यसबाट के असर पर्छ सो बारेमा देहाय बमोजिमको विषय अध्ययन गर्न देहाय बमोजिम कार्यटोली गठन गरिएको थियो ।

## १.२. कार्यटोली गठन

दूरसञ्चार सेवाको अनुमतिपत्र प्राप्त संस्थाहरुमा एकै ब्यक्ति, समुहको लगानी बिभिन्न संस्थाहरुमा रहन मिल्ने वा  नमिल्ने ? त्यसो भएमा प्राधिकरणबाट के, कसरी नियमन गर्नु पर्ने हो, सो सम्बन्धमा अध्ययन गरी प्रतिवेदन पेश गर्न तपसिल बमोजिमको कार्य क्षेत्रगत विवरण सहित देहाय अनुसार कार्य टोली गठन भएको होः-

१. माधव पौडेल - संयोजक
२. भाष्करमणि ज्ञवाली - सदस्य
३. कैलाशप्रसाद न्यौपाने - सदस्य सचिव

प्रस्तुत कार्यटोलीका संयोजक श्री माधव प्रसाद पौडेलज्यू नेपाल सरकारको सूचना तथा सञ्चार मन्त्रालय समेतको मन्त्रीको रुपमा नियुक्त हुनु भएको र प्रतिवेदन पूर्णरुपमा तयार भै सकेको थिएन । यसै सन्दर्भमा प्राधिकरणबाट मिति २०७०।६।१६ मा निर्णय गरी देहाय बमोजिमको कार्यटोली गठन भएको छः

१. भाष्करमणि ज्ञवाली - संयोजक
२. शिवनाथ पाण्डे - सदस्य
३. कैलाशप्रसाद न्यौपाने - सदस्य सचिव

पूर्ववत कार्यटोलीले तयार गरेको प्रारम्भिक अध्ययनलाई निरन्तरता दिई थप अध्ययन गरी प्रारम्भिक मसौदालाई समेतका आधारमा यो प्रतिवेदन लेखन अगाडि बढाइएको छ ।

## १.३. कार्यटोलीको कार्य क्षेत्रगत शर्तहरु (Terms Of Reference)

कार्य टोलीले देहायका विषयमा अध्ययन गरी आवश्यक नीति, विनियम, निर्देशिका जस्ता बिषयमा मस्यौदा सहित प्रतिवेदन पेश गर्नु पर्नेछः-

(क) दूरसञ्चार सेवाका शर्तमा कुनै एक सेवा प्रदायक वा त्यसका संस्थापक शेयरधनी वा आधारभूत शेयरधनीले अर्को सेवा प्रदायकमा संस्थापक वा आधारभुत शेयरधनी हुने गरी शेयर खरिद गर्न सक्ने गरी Cross Holding गर्ने व्यवस्था गर्न दिन उचित हुने वा नहुने ? सो को कारण र औचित्य खुलाउने ।

(ख) Cross Holding गर्न नदिने हो भने के कस्तो अवस्थामा के कस्ता व्यक्ति, समूह वा शेयरधनीलाई Cross Holding गर्न नदिने हो सो को विस्तृत विवरण र सो को कारण र औचित्य खुलाउने ।

(ग) कुनै सेवा प्रदायकमा विदेशी शेयरधनी रहेकोमा त्यस्ता शेयरधनीले विदेशमा नै शेयरधनी परिवर्तन गरेको तर सो विषय नेपाल स्थित कम्पनीमा शेयरधनीको परिवर्तन नदेखाएको अवस्थामा के कसरी व्यवस्थापन गर्ने, कुन कानूनी व्यवस्था लागू गरी नियमन गर्ने हो ?

(घ) प्रकरण ३ बमोजिम विदेशमै शेयरधनी परिवर्तन हुँदा दूरसञ्चार ऐन, २०५३ को दफा २७ बमोजिम प्राप्त हुने दस्तुरका सम्बन्धमा के कसरी असूल गर्ने हो सो को लागि कुनै कानूनी व्यवस्था थप गर्नु पर्ने हो वा होईन ?

(ङ.) Cross Holding लाई नियमन गर्ने सम्बन्धमा दूरसञ्चार ऐन, नियममा व्यवस्थित गर्नुपर्ने हो वा अन्य ऐनको कानूनी व्यवस्थाबाट नियमन गर्न सकिन्छ सो को अध्ययन गरी काम शुरु गरेको मितिबाट एक महिनाभित्र प्रतिवेदन पेश गर्ने ।

## १.४. कार्यटोलीले अपनाएको अध्ययन बिधि

कार्यटोलीले प्रस्तुत विषयको अध्ययन गर्न प्रचलित प्रतिस्पर्धा प्रवर्द्धन तथा बजार संरक्षण ऐन, २०६३, कम्पनी ऐन, २०६३, बैङ्क तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३, नेपाल राष्ट्र बैंकले Cross Holding सम्बन्धमा बाणिज्य बैंक तथा वित्तीय संस्थालाई जारी गरेको नीतिगत व्यवस्था र निर्देशन, दूरसञ्चार ऐन, २०५३, दूरसञ्चार नियमावली, २०५४ र दूरसञ्चार नीतिहरुको सैद्धान्तिक पक्षको अध्ययन गरेकोछ ।

कार्यटोलीले प्रस्तुत विषयको अध्ययनको क्रममा तत्कालिन प्रधानमन्त्रिको आर्थिक सल्लाहकार एवं पूर्व अर्थ सचिव श्री रामेश्वर खनालज्यू र राष्ट्रिय बिमा समितिको अध्यक्ष श्री फत्तबहादर के.सि. ज्यूलाई मिति २०६९।६।४ गते आमन्त्रण गरी परामर्श गरीएको थियो ।

# भाग २

## २.१ वर्तमान अवस्था र कानूनी तथा नीतिगत आधारः-

उपभोक्ता संरक्षण ऐन, २०५४ जारी भएको र कम्पनी ऐन, २०२१, २०५३ हुदै २०६३ सालमा कम्पनी ऐन, २०६३ र प्रतिस्पर्धा प्रबर्धन तथा बजार संरक्षण ऐन, २०६३ जारी भई लागू भई रहेका छन् । प्रस्तुत विषयमा दूरसञ्चार ऐन, २०५३ उपभोक्ता संरक्षण ऐन, २०५४ कम्पनी ऐन, २०६३ मूख्य कानूनी आधार रहेका छन् भने नेपाल राष्ट्र बैंक, बैक तथा वित्तिय क्षेत्रको नियामक संस्था र बिमा कारोबारमा नियमन गर्ने विमा समिति जस्ता निकायहरु कृयाशिल रहेका छन् ।

**प्रतिस्पर्धा प्रबर्धन तथा बजार संरक्षण ऐन, २०६३** को दफा ५ बमोजिम "कुनै वस्तु वा सेवा उत्पादन वा वितरण गर्ने प्रतिष्ठानले एकाधिकार कायम गर्न वा बजारमा नियन्त्रित व्यापारिक अभ्यास कायम गर्ने उद्देश्यले समान प्रकृतिका वस्तु वा सेवा उत्पादन वा वितरण गर्न अन्य प्रतिष्ठानसंग गाभिन, आपसमा मिल्न एक्लै वा आफना सहायक प्रतिष्ठानसग मिली त्यस्ता प्रतिष्ठानका पचास प्रतिशत वा सो भन्दा बढी शेयर खरिद गर्न वा त्यस्ता प्रतिष्ठानको व्यवसाय कब्जा गरी ग्रहण (टेक ओभर) गर्न सक्ने छैन" भन्ने व्यवस्था रहेको छ । प्रतिस्पर्धा प्रबर्धन तथा बजार संरक्षण ऐन, २०६३ को दफा ३ ले प्रतिस्पर्धा विरुद्धको सम्झौता गर्न नहुने ब्यवस्था गरेको र त्यस्ता सम्झौता स्वतः बदर हुने गरी देहाय बमोजिम कानुनी ब्यवस्था उल्लिखित गरेको छ :

(क) कुनै वस्तु वा सेवाको प्रत्यक्ष वा परोक्ष रुपमा खरिद वा बिक्री मुल्य निर्धारण गर्ने वा त्यस्ता वस्तु वा सेवाका खरिद बिक्रीका शर्तहरु तोक्ने,

(ख) कुनै वस्तु वा सेवाका उत्पादन वा वितरण बजार सीमित वा नियन्त्रण गर्ने वा सोको प्राविधिक विकास वा उन्नतिका लागि गरिने लगानी सीमित वा नियन्त्रण गर्ने,

(ग) कुनै वस्तु वा सेवाको उत्पादन वा वितरणको थोक परिमाण सीमित वा नियन्त्रण गर्ने वा त्यस्तो वस्तुको खुद्रा उपभोग्य परिमाण वा त्यसको गुणस्तर घटाउने,

(घ) कुनै खास ठाँउमा त्यस्तो वस्तु वा सेवाको बिक्री वितरण नगर्ने वा कुनै खास ठाँउमा मात्र बिक्री वितरण गर्ने वा गराउने,

(ङ) कुनै निश्चित व्यक्ति वा प्रतिष्ठानले उत्पादन वा वितरण गरेको वस्तु वा सेवाको मात्र बजार प्रवर्द्धन गर्ने गरी त्यस्तै किसिमका वस्तु वा सेवा उत्पादन वा वितरण गर्ने अन्य कुनै व्यक्ति वा प्रतिष्ठानको वस्तु वा सेवा खरिद बिक्री वा वितरण नगर्ने वा त्यस्ता वस्तु वा सेवाको बजारमा प्रवेश हुन नदिने,

(च) कुनै वस्तु वा सेवाको उत्पादन वा वितरण गर्ने व्यक्ति वा प्रतिष्ठानबीच आपसमा बजार विभाजन गर्ने,

(छ) कुनै वस्तु वा सेवा पालैपालोसंग उत्पादन वा वितरण गर्ने वा त्यस्तो वस्तु वा सेवाको कोटा निर्धारण गरी

उत्पादन वा वितरण गर्ने,

(ज) मनासिब कारण बिना कुनै वस्तु वा सेवाको मूल्य फरक फरक तोकी खरिद, बिक्री वा वितरण गर्ने वा खरिद, बिक्री वा वितरणका फरक फरक शर्त तोक्ने,

(झ) सार्वजनिक रुपमा आह्वान गरिएका बोलपत्र वा दरभाउपत्र उपर आपसी सहमतिबाट बोलपत्र वा दरभाउपत्र दाखिला गर्ने वा समान अङ्क वा अन्य विवरण उल्लेख गरी दाखिला गर्ने,

(ञ) कुनै पनि वस्तु वा सेवाको ढुवानी वा वितरणमा चक्र प्रणाली (सिण्डिकेट) लागू गर्ने,

(ट) तोकिए बमोजिमका अन्य काम गर्ने वा गराउने ।

(२) उपदफा (१) को सर्वमान्यतामा प्रतिकूल हुने गरी कुनै वस्तुको उत्पादन वा वितरण गर्ने वा कुनै सेवा उत्पादन, वितरण वा सञ्चालन गर्ने कुनै दुई वा दुईभन्दा बढी व्यक्ति वा प्रतिष्ठानले कुनै सस्थासंग मिली वा अन्य कुनै उपाय अपनाई निजहरुले वस्तु वा सेवा उत्पादन, वितरण वा सञ्चालन गरेका इलाकामा अर्को व्यक्ति वा प्रतिष्ठानले त्यस्तो वस्तु वा सेवा उत्पादन, वितरण वा सञ्चालन गर्न नपाउने वा त्यस्तो वस्तु वा सेवा उत्पादन, वितरण वा सञ्चालन गर्न त्यस्ता व्यक्ति वा सस्थासंग सम्बद्ध हुनु पर्ने वा त्यस्तो उपायमा संलग्न हुनु पर्ने वा त्यस्तो सम्झौता वा उपायद्वारा तोकिएको कुनै शर्त पालना गर्नु पर्ने गरी कुनै किसिमको सम्झौता गर्न सकिने छैन ।

(३) उपदफा (२) को प्रतिकूल हुने गरी भएका सम्झौता स्वतः बदर हनेछ ।

४. **<u>प्रभुत्वशाली हैसियतको दुरुपयोग गर्न नहुने</u>**: (१) प्रभुत्वशाली हैसियत भएका कुनै प्रतिष्ठानले आफूले वा आफ्ना सम्बद्ध निकाय मार्फत कुनै वस्तु वा सेवाको उत्पादन वा वितरण गर्दा प्रतिस्पर्धा नियन्त्रण गर्ने उद्दश्यले त्यस्तो हैसियतको दुरुपयोग गर्न गराउन हुँदैन ।

**<u>स्पष्टीकरण</u>** : यस दफाको प्रयोजनको लागि “प्रभुत्वशाली हैसियत” भन्नाले कुनै वस्तु वा सेवा उत्पादन वा वितरण गर्ने कुनै व्यक्ति वा प्रतिष्ठानले एक्लै वा समान प्रकृतिका वस्तु वा सेवा उत्पादन वा वितरण गर्ने अन्य प्रतिष्ठानसंग आपसमा मिली त्यस्ता वस्तु वा सेवाको नेपाल राज्यभित्र वार्षिक उत्पादन वा वितरणका कम्तीमा चालीस प्रतिशत वा सो भन्दा बढी हिस्सा ओगटेका हैसियत वा त्यस्ता प्रतिष्ठानले एक्लै वा समान प्रकृतिका वस्तु वा सेवा उत्पादन वा वितरण गर्न अन्य व्यक्ति वा प्रतिष्ठानसंग मिली सम्बद्ध बजार पभाव पार्न सक्ने वा आफ्ना निर्णय एकपक्षीय रुपमा कार्यान्वयन गर्न सक्ने हैसियत सम्झनु पर्छ ।

(२) उपदफा (१) को सर्वमान्यतामा प्रतिकूल हुने गरी प्रभुत्वशाली हैसियत भएका कुनै प्रतिष्ठानले नेपाल राज्यभर वा नेपाल राज्यको कुनै इलाकामा देहायका कुनै काम गरेमा प्रभुत्वशाली हैसियतका दुरुपयोग गरको मानिनेछ :-

(क) समान पकृतिको वस्तु वा सेवाका उत्पादन वा वितरण गर्ने अन्य व्यक्ति वा प्रतिष्ठानले उत्पादन वा पैठारी गरेको कुनै वस्तु वा सेवालाई आफ्नो वस्तु वा सेवाको बजार प्रवेशमा रोक वा बन्देज लगाउने,

(ख) मनासिब कारण बिना बजारमा आपूर्ति कम हुन सक्ने गरी कुनै वस्तु वा सेवाको उत्पादन वा वितरण सीमित वा नियन्त्रण गर्न वा त्यस्तो वस्तु वा सेवाको उत्पादन वा वितरण सम्बन्धी प्रविधिको विकासको लागि गरिने लगानीमा सीमित गर्ने वा रोक लगाउने,

(ग) समान भौगोलिक क्षेत्रका बजारमा मनासिब कारण बिना कुनै वस्तु वा सेवाको खरिद वा बिक्री मूल्य फरक

कायम गर्ने वा त्यस्ता वस्तु वा सेवाको खरिद वा बिक्रीका थप शर्त तोक्ने,

(घ) आफूले उत्पादन वा वितरण गरेको वस्तु वा सेवाको प्रत्यक्ष वा परोक्ष रुपमा बजारमा प्रतिस्पर्धा हुन नसक्ने गरी मूल्य तोक्ने,

तर नेपाल सरकार वा प्रचलित कानून बमोजिम अधिकार प्राप्त अधिकारीबाट पूर्व स्वीकृति लिई सम्बन्धित प्रतिष्ठानले त्यस्तो वस्तु वा सेवाको मूल्य निर्धारण गर्न वा त्यस्तो कुनै वस्तु वा सेवाको मूल्यमा हेरफेर गर्न यस खण्डमा लेखिएका कुनै कुराले प्रतिकूल असर पारेका मानिने छैन ।

(ङ) मनासिब कारण बिना उपभोक्तालाई प्रतिकूल असर पर्ने गरी आफूले उत्पादन वा वितरण गरेको वस्तु वा सेवाको परिमाण कटाती गर्ने वा त्यस्तो वस्तु वा सेवाको गुणस्तर घटाउने,

(च) कुनै वस्तु वा सेवा उत्पादन वा वितरण गर्दा त्यस्तो वस्तु वा सेवासंग असम्बन्धित वा अनावश्यक शर्त तोक्ने ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका कुनै काम गर्दा सो उपदफा बमोजिमका काम हुन गएको प्रमाणित भएमा प्रभुत्वशाली हैसियतको दुरुपयोग गरको मानिने छैन :-

(क) प्रभुत्वशाली हैसियत भएका कुनै व्यक्ति वा प्रतिष्ठानले उत्पादन वा वितरण गर्दै आएको वस्तु वा सेवाको गुणस्तर वृद्धि गर्न वा सोको पाविधिक स्तर सुधार गर्नका लागि कुनै काम कारबाही गरकोमा र त्यस्तो काम कारबाहीबाट प्राप्त हुने प्रतिफल त्यस्तो वस्तु वा सेवाको उपभोग गर्न उपभोक्ताका हितमा हुने भएमा,

(ख) प्रचलित कानून बमोजिम कुनै व्यक्तिलाई प्राप्त भएको कुनै किसिमको बौद्धिक सम्पत्तिको संरक्षण वा प्रचलनका लागि त्यस्तो कार्य गरेकोमा ।

सोही ऐनको दफा ४ मा प्रभुत्वशाली हैसियतको दुरुपयोग, दफा ५ प्रतिष्ठान गाभिन वा मिल्न नहुने र दफा १० मा भ्रमपूर्ण विज्ञापन गर्न नहुने जस्ता सारभूत विषयहरु उल्लेख भएका हुन । यस्तो व्यवस्था जुनसुकै सेवा वा वस्तु व्यापारका लागि मार्गदर्शक एवं Primary Policy अभिलेख रहेका छन् ।

## दूरसञ्चार कानुन

**दूरसञ्चार ऐन, २०५३** को दफा २७ र **दूरसञ्चार नियमावली, २०५४** को नियम १४ मा अनुमतिपत्रको बिक्रि वा हस्तान्तरण संबन्धी देहाय बमोजिम ब्यवस्था रहेको छ :

**दफा २७. अनुमतिपत्रको बिक्रि वा हस्तान्तरण :** (१) अनुमतिपत्र प्राप्त व्यक्तिले आफ्नो अनुमतिपत्र कसैलाई बिक्रि गरी वा अन्य कुनै प्रकारले हक हस्तान्तरण गरी दिन चाहेमा त्यसको कारण सहित निजले र अनुमतिपत्र किन्ने वा हक हस्तान्तरण गरी लिन चाहने व्यक्तिले आपसमा निर्धारित तत्सम्वन्धी शर्त बन्देज समेत उल्लेख गरी स्वीकृतिको लागि प्राधिकरण समक्ष संयुक्त निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम कुनै निवेदन प्राप्त हुन आएमा प्राधिकरणले आवश्यक छानबिन गर्दा निवेदनमा उल्लिखित व्यक्तिलाई अनुमतिपत्र बिक्रि गरी वा हक हस्तान्तरण गरी दिन उचित देखेमा प्राधिकरणले त्यस्तो निवेदन प्राप्त भएको तीस दिनभित्र अनुमतिपत्र बिक्रि गरी वा हक हस्तान्तरण गरी दिन स्वीकृति दिनु पर्नेछ

र त्यस्तो स्वीकृति दिन उचित नहुने देखेमा कारण सहितको सूचना निवेदकलाई दिनु पर्नेछ ।

(३) अनुमतिपत्रको बिक्रि वा हक हस्तान्तरण गर्ने स्वीकृतिको लागि तोकिए बमोजिमको दस्तुर प्राधिकरणमा बुझाउनु पर्नेछ ।

**नियम १४. अनुमतिपत्रको विक्री वा हस्तान्तरण:** (१) ऐनको दफा २७ बमोजिम अनुमतिपत्र विक्री वा अन्य तवरले हक हस्तान्तरण गरी लिन दिन चाहने व्यक्तिले आपसमा निर्धारित तत्सम्बन्धी शर्त बन्देज समेत उल्लेख गरी स्वीकृतिको लागि अनुसूची - ९ बमोजिमको ढाँचामा प्राधिकरण समक्ष संयुक्त निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम कुनै निवेदन पर्न आएमा प्राधिकरणले सो सम्बन्धमा आवश्यक जाँचबुझ गर्नेछ र त्यसरी जाँचबुझ गर्दा थप जानकारी वा विवरण लिन आवश्यक देखिएमा प्राधिकरणले त्यसरी निवेदन दिने व्यक्तिहरुसंग थप विवरण वा जानकारी माग गर्न सक्नेछ ।

(३) उपनियम (१) बमोजिम प्राप्त निवेदन र निवेदन साथ संलग्न कागजात तथा उपनियम (२) बमोजिम माग गरिएको थप जानकारी वा विवरण समेतवाट अनुमतिपत्र विक्री वा अन्य तवरले हक हस्तान्तरण गरी दिन उचित देखेमा प्राधिकरणले निवेदकहरुसंग अनुमतिपत्र दस्तुरको पाँच प्रतिशतले हुने रकम लिई अनुमतिपत्र विक्री वा अन्य तवरले हक हस्तान्तरण गर्न स्वीकृति दिनु पर्नेछ ।

## उपभोक्ता संरक्षण ऐन, २०५४

**उपभोक्ता संरक्षण ऐन, २०५४** मा उपभोक्ता संरक्षण संबन्धी देहाय बमोजिम व्यवस्था रहेको छ :

**७. माग, आपुर्ति वा मूल्यमा प्रतिकुल प्रभाव पार्न नहुने :** कसैले पनि कुनै व्यक्तिसंग मिली देहायका कुनै काम गरी कुनै उपभोग्य वस्तु वा सेवाको माग, आपूर्ति वा मूल्यमा प्रतिकूल प्रभाव पार्न हुदैन :-

(क) कुनै उपभोग्य वस्तुको लागि चाहिने कच्चा पदार्थको कोटा निर्धारण गरी वा कुनै उपभोग्य वस्तुको उत्पादन घटाउन वा त्यस्तै अन्य कुनै काम गरी,

(ख) कुनै उपभोग्य वस्तु वा सेवा सञ्चित गरी वा अन्य तवरले कृत्रिम अभाव खडा गरी वा निर्धारित समय वा स्थानमा मात्र त्यस्तो वस्तु वा सेवा बिक्री वितरण गर्ने गरी वा त्यस्तै अन्य कुनै काम गरी ।

**८. उपभोग्य वस्तु वा सेवाको आपूर्तिलाई व्यवस्थित तथा नियन्त्रित गर्ने अधिकार** : (१) उपभोक्ताको हक हित संरक्षण गर्नको निमित्त उपभोग्य वस्तु वा सेवाको आपूर्तिलाई व्यवस्थित, नियन्त्रित तथा नियमित गर्न नेपाल सरकारले देहाय बमाजिमको अधिकार प्रयाग गर्नेछ :-

(क) उपभोग्य वस्तु वा सेवाको गुणस्तर, मूल्य निर्धारण र आपूर्ति व्यवस्था सम्बन्धी नीति निर्माण गर्ने,

(ख) उपभाक्ताको हक हितमा प्रतिकूल असर पार्ने किसिमका एकाधिकार तथा अनुचित व्यापारिक कृयाकलापलाई

अनुगमन, रोकथाम र नियन्त्रण गर्ने

सम्बन्धमा कार्य योजना बनाइ उक्त कार्य योजना कार्यान्वयन गर्ने,

(ग) देश भित्र खपत हुने उपभोग्य वस्तुको माग र आपूर्ति स्थितिको विश्लेषण तथा समीक्षा गर्ने,

(घ) उपभोग्य वस्तुको उत्पादक, बिक्रेता वा वितरकहरुले अवाञ्छित तरिकाल गरका मल्य वद्धिलाइ राक्न आवश्यक व्यवस्था गन,

(ङ) उपभोग्य वस्तुको कृत्रिम वा अनुपयक्त तवरले अभाव सृर्जना गर्ने किसिमका अनुचित व्यापारिक कृयाकलापलाई हतोत्साहित गर्ने ।

(२) उपभोक्ताको हक हित संरक्षण, आपूर्ति व्यवस्था नियमित र उपभोग्य वस्तु तथा सेवाको मूल्य एवं गुणस्तर नियन्त्रण सम्बन्धी व्यवस्थाहरुको प्रभावकारी ढंगबाट कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक व्यवस्था गर्नेछ ।

**९. उपभोग्य वस्तुमा उल्लेख गर्नुपर्ने कुराहरु** : उत्पादकले उपभोग्य वस्तुको लेबलमा देहायका कुराहरु अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ :-

(क) उत्पादकको नाम, ठेगाना र उद्योगको दर्ता नम्बर ।

(ख) खाद्य पदार्थ र औषधि जस्ता उपभोग्य वस्तुमा उक्त वस्तुको मिश्रण, त्यसको परिमाण र तौल ।

(ग) गुणस्तर निर्धारण भएको उपभोग्य वस्तुमा सो वस्तुको गुणस्तर

(घ) उपभोग्य वस्तु उपभोग गर्ने तरिका र सो वस्तु उपभोग गरेबाट हुन सक्ने प्रभाव ।

(ङ) उपभोग्य वस्तुको मूल्य, ब्याच नम्बर, उत्पादन मिति र उपभोगको म्याद सकिने मिति ।

(च) इलेक्ट्रोनिक, हार्डवयर तथा यान्त्रिक जस्ता उपभोग्य वस्तुमा सो वस्तुको ग्यारेण्टी, ग्यारेण्टी मिति तथा अन्य आवश्यक कुराहरु ।

(छ) प्रज्वलनशील, दुर्घटनाजन्य वा सजिलैसंग टुटफुट हुन सक्ने उपभोग्य वस्तुमा सो वस्तुको सुरक्षाको लागि अपनाउनु पर्ने कुराहरु ।

(ज) तोकिए बमोजिमका अन्य कुराहरु ।

**१०. उपभोग्य वस्तु वा सेवाको सम्बन्धमा गर्न नहुने काम** : कसैले पनि कुनै उपभोग्य वस्तु वा सेवाको सम्बन्धमा देहायका कुनै काम गर्न, गराउन हुदैन :-

(क) कमसल उपभोग्य वस्तुको उत्पादन, बिक्री वितरण वा निकासी पैठारी गर्न ।

(ख) उपभोक्तालाई झुक्याउने गरी कुनै उपभोग्य वस्तुको नक्कल गर्न ।

(ग) कुनै उपभोग्य वस्तु वा सेवालाई अर्को उपभोग्य वस्तु वा सेवा हो भनी वा निम्नस्तरको उपभोग्य वस्तु वा सेवालाइ उच्चस्तरको उपभोग्य वस्तु वा सेवा हो भनी ढाँटी वा झुक्याई बिक्री वितरण गर्न ।

(घ) कनै उपभोग्य वस्तु वा सेवाको प्रयोग, उपयोगिता वा प्रभावकारिताको सम्बन्धमा झुट्टा वा भ्रामात्मक प्रचार प्रसार वा विज्ञापन गर्ने किसिमले अनुचित व्यापारिक कृयाकलाप गर्न ।

(ङ) उपभोक्ताको स्वास्थ्यमा प्रतिकूल असर पर्ने किसिमका उपभोग्य वस्तु वा सेवाको उत्पादन वा बिक्री वितरण गर्न ।

(च) तोकिए बमोजिमका अन्य कामहरु गर्न ।

**कम्पनी ऐन, २०६३** का दफा ५० मा पब्लिक कम्पनीको चुक्ता पूजीका पांच प्रतिशत वा सोभन्दा बढी पूर्ण मताधिकार भएको साधारण शेयर लिएका भए त्यस्ता कम्पनीमा निजको आधारभूत शेयर स्वामित्व रहको मानिने ब्यवस्था रहेकोछ । त्यसैगरी दफा ४२ मा ऐन, प्रबन्धपत्र र नियमावलीका अधीनमा रही कम्पनीको शेयर वा डिबेञ्चर चल सम्पत्तिसरह बिक्री गर्न वा धितोबन्धक राख्न सकिने, दफा ४३ मा दफा ४२ को उपदफा (१) र (२) को अधीनमा रही शेयर वा डिबेञ्चर बिक्री भएकोमा सो खरिद गरी लिने व्यक्तिले त्यस्तो शेयर वा डिबेञ्चरको दाखिल खारेज गर्नका निमित्त तोकिएबमोजिमको ढाचामा नियमावलीमा तोकिएको दस्तुरसहित कम्पनीको रजिष्टर्ड कार्यालयमा निवेदन दिई शेयर वा डिबेञ्चर दाखिल खोरज गर्ने ब्यवस्था रहेको छ । दफा ४४ को उपदफा (१) को खण्ड (ग) मा कम्पनीको शेयर धितोबन्धक राखिएको कुरा दर्ता किताबमा जनाउन वा खरिद बिक्री भएकोमा शेयर वा डिबेञ्चरको दाखिल खारेज गर्दा हक हस्तान्तरण दस्तुर निवेदन साथ पेश गर्नु पर्ने ब्यवस्था रहेको छ । परिच्छेद १३ दफा १४२,१४३ र १४४ मा मुख्य र सहायक कम्पनीहरु संबन्धी देहाय बमोजिम ब्यवस्था रहेको छ :

मुख्य र सहायक कम्पनीहरू

**१४२. सहायक कम्पनी माथि नियन्त्रण :** (१) मुख्य कम्पनीले आफ्नो सहायक कम्पनीलाई देहायबमोजिम नियन्त्रण गर्न सक्नेछ :-

(क) सञ्चालक समितिको गठनमा प्रत्यक्ष वा अप्रत्यक्ष नियन्त्रण राखेर,

(ख) कम्पनीको बहुमत शेयर ग्रहण गरेर ।

(२) कुनै एक कम्पनी अन्य कुनै सहायक कम्पनीको सहायक कम्पनी भएमा पहिलो कम्पनी पछिल्लो कम्पनीलाई नियन्त्रण गर्ने मुख्य कम्पनीको पनि सहायक कम्पनी हुनेछ ।

(३) कम्पनीका शेयर मुख्य कम्पनी वा त्यसका सहायक कम्पनीको तर्फबाट कुनै प्रतिनिधिले ग्रहण गरको वा त्यस्तो कम्पनीको सञ्चालक नियुक्त गर्ने अधिकार मुख्य कम्पनी वा त्यसको सहायक कम्पनीको तर्फबाट मनोनीत कुनै व्यक्तिले गर्ने भए तापनि उपदफा (१) मा लेखिएका अवस्थाहरूको परिपूर्ति भएको मानिनेछ ।

तर मुख्य कम्पनी र सहायक कम्पनी निर्धारण गर्दा देहायको अवस्थामा कब्जा गरिएको शेयरलाई यस प्रयोजनका

लागि मान्यता दिइने छैन :-

(१) कुनै कम्पनीले ऋणपत्र लिएको वा ऋणपत्र जारी गर्ने ट्रष्ट लिखतको आधारमा कुनै अधिकार प्रयोग गर्न पाउने भएको वा शेयर ग्रहण गरेको भएमा,

(२) ऋण दिने कम्पनीले सुरक्षणको रुपमा शेयर ग्रहण गरको भएमा ।

**१४३. कागजात समावेश गनु पर्ने** : (१) मुख्य कम्पनीले आफ्नो वासलातमा सहायक कम्पनीका देहायबमाजिमका कागजातहरू समावेश गर्नु पर्नेछ :-

(क) सहायक कम्पनीको तत्काल समाप्त भएको आर्थिक वर्षको वार्षिक हिसाबको एक प्रति र सो अवधिका त्यस्तो कम्पनीको सञ्चालक समितिको प्रतिवदन,

(ख) लेखापरीक्षकको प्रतिवेदन,

(ग) आर्थिक वर्षको अन्तमा सहायक कम्पनीमा रहको मुख्य कम्पनीको लगानीको विवरण,

(घ) मुख्य कम्पनी र सहायक कम्पनीको आर्थिक वर्ष बेग्लाबेग्लै भएमा त्यस्तो भिन्न अवधिभित्रमा सहायक कम्पनी माथि रहको मुख्य कम्पनीको हक कुनै प्रकारले परिवर्तन भएको रहेछ भने त्यस्तो कुरा ।

(२) उपदफा (१) को खण्ड (ख) बमोजिमको प्रतिवेदनमा सहायक कम्पनीको सम्बन्धित आर्थिक वर्षमा भएको नोक्सानहरू कटाइ बाकी रहको खुद मुनाफा र सो कम्पनी सहायक कम्पनी भएदेखि कम्पनीको हिसाबकिताबमा उल्लेख नगरिएको तर मुख्य कम्पनीको शेयरधनीहरूलाई सरोकार हुने नाफा नोक्सानसमेत उल्लेख भएको हुनु पर्नेछ ।

(३) कुनै कारणवश मुख्य कम्पनीको सञ्चालक समितिले उपदफा (१) को खण्ड (ख) र उपदफा (२) मा उल्लिखित जानकारी हासिल गर्न नसकेमा मुख्य कम्पनीको वासलातमा सो कुराको लिखित प्रतिवेदन समावेश गरको हुनु पर्नेछ ।

(४) उपदफा (१) को खण्ड (ग) बमोजिमको विवरणमा सहायक कम्पनीको अचल जायजेथा धितो राखी लिएका ऋण वा तत्काल कायम रहेका दायित्व पुरा गर्नबाहेक अरु कुनै कामको लागि लिएको ऋणसमेत देखाउनु पर्नेछ ।

**१४४. मुख्य कम्पनीमा लगानी गर्न नहुने** : सहायक कम्पनीले मुख्य कम्पनीको शेयर वा डिबेञ्चर खरिद गर्न वा अन्य किसिमले मुख्य कम्पनीमा लगानी गर्न हुदैन ।

दफा १७७ मा कम्पनी गाभिने संबन्धी देहाय बमोजिम ब्यवस्था रहेको छ :

**१७७. कम्पनी गाभिन सक्ने** : (१) एउटा पब्लिक कम्पनी अर्को कम्पनीमा गाभिनको निमित्त गाभिने कम्पनीले आफ्नो साधारण सभामा विशष प्रस्ताव पारित गरी उपदफा (३) को अधीनमा रही अर्को कम्पनीमा गाभिन सक्नेछ ।

तर प्राईभेट कम्पनीको हकमा आफ्नो प्रबन्धपत्र, नियमावली वा सर्वसम्मत सम्झौतामा भएको व्यवस्थाबमोजिम हुनेछ ।

(२) कुनै पब्लिक कम्पनी पाइभेट कम्पनीमा गाभिदा वा प्राइभेट कम्पनी पब्लिक कम्पनीमा गाभिदा पब्लिक कम्पनी

कायम रहनेछ ।

(३) उपदफा (१) बमोजिम गाभिन प्रस्ताव पारित भएमा त्यस्तो कम्पनीले देहायका कुराहरू खुलाइ स्वीकृतिका लागि तीस दिनभित्र कायालयमा निवेदन दिनु पर्नेछ :-

(क) पब्लिक कम्पनीको हकमा उपदफा (१) बमोजिमको साधारण सभाको निर्णय र प्राइभेट कम्पनी भए गाभिने अधिकार दिने प्रबन्धपत्र, नियमावली वा सर्वसम्मत सम्झौताको तत्सम्बन्धी व्यवस्थाको प्रतिलिपि,

(ख) गाभिने कम्पनीको अन्तिम वासलात र लेखापरीक्षकको प्रतिवेदन,

(ग) गाभिने र गाभ्ने कम्पनीको साहुहरूको लिखित सहमतिपत्रको प्रतिलिपि,

(घ) गाभिने कम्पनीको चल अचल सम्पत्तिको मूल्याङ्कन, सम्पत्ति र दायित्वको यथार्थ विवरण,

(ङ) गाभिने र गाभ्ने कम्पनीले गाभिने कम्पनीको साहुहरू र कामदार तथा कर्मचारीका सम्बन्धमा कुनै निर्णय गरेको भएमा त्यस्तो निर्णयको

प्रतिलिपि,

(च) कम्पनीहरुबीच एक आपसमा गाभिन सम्पन्न भएको सहमतिपत्र (स्कीम अफ एरेन्जमेन्ट) ।

(४) उपदफा (३) बमोजिमको सूचना कार्यालयमा दिएमा सोसम्बन्धी अध्ययन गरी तीन महिनाभित्र कायालयले आफ्नो निर्णयको जानकारी दिनु पर्नेछ ।

(५) कार्यालयबाट उपदफा (४) बमोजिम गाभिन सक्ने स्वीकृति प्राप्त भएपछि गाभिने कम्पनीको सम्पूर्ण सम्पत्ति तथा दायित्वहरू गाभ्ने कम्पनीमा सरको मानिनेछ ।

(६) कार्यालयले कम्पनीको दर्ता लगतमा गाभिएको कम्पनीको बारेमा छुट्टै अभिलख राख्नु पर्नेछ ।

(७) कम्पनीको प्रबन्धपत्र, नियमावली वा सर्वसम्मत सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक कम्पनीको एकीकरण गर्ने वा गाभिने वा शेयरको हेरफेर वा हस्तान्तरण वा कम्पनीको सम्पूर्ण जायजेथाको बिक्रीमा लिखित सहमति नजनाउने शेयरधनीले त्यसरी एकीकृत भई गाभिनु वा शेयरको अदलीबदली वा हस्तान्तरण वा जायजेथाको बिक्री हुनु अगावै कम्पनीको सम्पत्ति मूल्याङ्कन गराई आफ्नो शेयर अनुपातको रकम गाभिने कम्पनीबाट फिर्ता लिन पाउनेछ ।

(८) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि एकाधिकार वा अनुचित व्यापारिक नियन्त्रण हुने वा सार्वजनिक हितको विपरीत हुने देखिएमा कार्यालयले कम्पनी गाभिने स्वीकृति दिने छैन ।

**बैक तथा वित्तिय संस्था सम्बन्धी ऐन, २०६३** को दफा ४८ को उपदफा (१) को खण्ड (छ) ले नेपाल राष्ट्र बैंकबाट “क”, “ख” र “ग” वर्गको वित्तीय कारोबार गर्न स्वीकृति पाएका इजाजतपत्रबाट संस्थाको धितोपत्रमा लगानी गर्न, खण्ड (झ) ले इजाजतपत्र प्राप्त संस्थाहरु आपसमा मिली वित्तीय कारोबारमा कुनै किसिमको एकाधिकार वा अन्य कुनै किसिमको नियन्त्रित अभ्यास कायम गर्न र खण्ड

(ञ) ले आफूले नाजायज लाभ लिने नियतले वित्तीय क्षेत्रको प्रतिस्पर्धात्मक वातावरणमा कृत्रिम अवरोध खडा हुने गरी कुनै पनि किसिमको कार्य गर्न प्रतिबन्ध लगाएको छ ।

**<u>बैक तथा वित्तिय संस्था संस्थापना एवं वित्तीय कारोबार गर्ने इजाजतपत्र सम्बन्धी नीतिगत एवं प्रकृयागत व्यवस्था २०६३:-</u>** को बुंदा ९.२ मा बैंक वित्तीय संस्थाहरुको चुक्ता पूँजी मध्ये कुनै व्यक्ति वा निजका एकाघर परिवार, फर्म, कम्पनी वा संगठित संस्था वा एकै समूहका कम्पनीले लिन सक्ने अधिकतम शेयर चुक्त पूँजीको १५ प्रतिशत भन्दा बढी हुन नहुने व्यवस्था रहेको छ । सो सीमा भन्दा बढी लगानी रहेका शेयरधनीहरुलाई शुरुमा २ बर्षको समय दिई १५ प्रतिशतको सीमामा ल्याई सक्नु पर्ने व्यवस्था गरिएकोमा सो समय ३ बर्ष थप गरिएको देखिन्छ । सोही व्यवस्थाको बुँदा नं.९.४ मा कुनै व्यक्ति, फर्म, कम्पनी, एकाघर परिवार वा संगठित संस्थाबाट संस्थापक शेयरमा लगानी गर्दा सो बैंकबाट इजाजतपत्र प्राप्त कुनै एक बैंक तथा बित्तीय संस्थामा बढीमा १५ प्रतिशत र अन्य बैंक तथा बित्तीय संस्थाहरुमा चुक्ता पूँजीको बढीमा १ प्रतिशतसम्ममात्र लगानी गर्न सकिने व्यवस्था रहेको छ । साविकको लगानीलाई ५ बर्षको समय दिई सीमाभित्र ल्याउने व्यवस्था गरिएको देखिन्छ ।

त्यस्तै ९.५ मा कुनै बैंक तथा वित्तीय संस्था र अन्य कुनै पनि संस्था/कम्पनीको बीचमा एक आपसमा दोहोरो स्वामित्व (Cross Holding) कायम हुने गरी शेयर/सुरक्षणमा लगानी गर्न नपाईने व्यवस्था गरिएको छ ।

नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०६९ को निर्देशन नं. १० को बुँदा नं.१८ ले साविकमा Cross Holding भएको अवस्थामा कानूनी दायरामा आउने प्रयोजनकोलागि प्रक्रियागत व्यवस्था गरेको देखिन्छ । सो व्यवस्थाले विद्यमान संस्थापकहरुले शेयर खरिद विक्रि गर्दा पालना गर्नु पर्ने केही व्यवस्थाहरुमा छुट प्रदान गरेको छ । उक्त निर्देशनको बुँदा नं.१९ ले बैंक तथा वित्तीय संस्थाले अन्य बैंक तथा वित्तीय संस्थामा गरेको संस्थापक शेयर लगानी Cross Holding हटाउन दिएको २ बर्ष भित्र Cross Holding हटाउन नसकेमा हकप्रद शेयर खरिद गर्न नपाउने, नगद लाभांश, बोनस शेयरलाई रोक्का राख्ने लगायत कारबाहीको व्यवस्था गरेको छ । साथै बुँदा नं. ७ मा Cross Holding हुने संस्थालाई गाभ्न/गाभिन निर्देशन दिन सकिने व्यवस्था रहेको छ ।

## २.२ <u>समस्या र चुनौती</u>

दूरसञ्चार सेवा सञ्चालनको लागि अन्य बस्तु सेवा व्यापार जस्तो एक्लै स्वतन्त्र रुपमा काम गरी सेवा दिन सकिने प्रकृतिको सेवा होइन । एउटा सेवा प्रदायकका ग्राहकले अर्को सेवा प्रदायकको ग्राहकसंग कुरा गर्न सेवा प्रदायकहरु बीच नेटवर्क अन्तरआवद्धता ( Interconnection ) हुनु पर्दछ । अन्यथा ग्राहकले कुराकानी गर्न सक्दैनन । कम्पनीहरु अलग र स्वतन्त्र रहेपनि अन्तरआवद्धता (Interconnection ) आवश्यक पर्ने भएकोले एक आपसमा एकै पटक सहकारी (co-user) र प्रतिस्पर्धी (Rival) रहने विषयमा विवाद छैन । यस्तो स्थितिमा एउटै लगानीकर्ताले एक भन्दा बढी

सेवा प्रदायक संस्थाको शेयर के कति लिन मिल्ने वा नमिल्ने जस्तो विषयमा स्पष्टतः कानूनी मापदण्ड निर्धारण भई सकेको छैन । तसर्थ यिनै समस्या र चुनौति रहेको महशुस गरी TOR मा उल्लेख गरी अध्ययन गर्ने मौका दिईएको छ । सोही समस्यालाई अध्ययनको केन्द्रविन्दुमा राखी अध्ययन गरिएको छ । तथापी केही संस्थामा यो अध्ययन कार्य प्रारम्भ हुनु पूर्व नै Cross Holding रहेको देखिन आएको छ । कम्पनी दर्ता गर्दा दूरसञ्चार सेवा कम्पनी प्रा.लि. मा दर्ता भएकोले शेयरधनी वा लगानीकर्तालाई Public accountable बनाउन कठिन रहन गएको देखिन आएको छ । तसर्थ भई सकेको Cross Holding लाई के कसरी व्यवस्थापन गर्न उपयुक्त हुन्छ सो बारेमा समेत सुझाव प्रस्तुत गरिएको छ ।

## २.३ <u>निष्कर्ष र सुझाव</u>

**(१) दूरसञ्चार सेवाका शर्तमा कुनै एक सेवा प्रदायक वा त्यसका संस्थापक शेयरधनी वा आधारभूत शेयरधनीले अर्को सेवा प्रदायकमा संस्थापक वा आधारभुत शेयरधनी हुने गरी शेयर खरिद गर्न सक्ने गरी Cross Holding गर्ने व्यवस्था गर्न दिन उचित हुने वा नहुने ? सो को कारण र औचित्य खुलाउने ।**

दूरसञ्चार ऐन, नियममा एउटै व्यक्ति वा समूहको लगानी २ वा २ भन्दा बढि दूरसञ्चार सेवा सञ्चालन गर्ने कम्पनी वा संस्थामा रहन मिल्ने वा नमिल्ने सम्बन्धमा कानूनी व्यवस्था गरेको पाईदैन । दूरसञ्चार ऐन, २०५३ को प्रस्तावनामा “दूरसञ्चार सेवालाई भरपर्दो र सर्वसुलभ बनाउन दूरसञ्चार सेवामा नीजि क्षेत्रलाई समेत संलग्न गराउने” उल्लेख भएको छ । त्यसै गरी नेपाल दूरसञ्चार प्राधिकरणको काम र कर्तव्य उल्लेख भएको दफा १३ को खण्ड (ख) मा दूरसञ्चार सेवा तथा सुविधा सर्वसुलभ र भरपर्दो बनाउने, खण्ड (घ) मा दूरसञ्चार सेवा सञ्चालनमा स्वदेशी तथा विदेशी निजी क्षेत्रका लगानीकर्ताहरुलाई सहभागी बनाउने, खण्ड (ङ) मा दूरसञ्चार सेवा र सुविधा सर्वसाधारण सवैलाई उपलब्ध गराउन त्यस्तो सेवा र सुविधा प्रदान गर्ने व्यक्तिहरु वीच समन्वय र स्वस्थ प्रतिस्पर्धा हुने व्यवस्था गर्ने, खण्ड (झ) मा अनुमतिपत्र प्राप्त व्यक्तिले दूरसञ्चार सेवा उपलब्ध गराए बापत लिने शुल्क स्वीकृत र नियमित गर्ने, खण्ड (ड) मा उपभोक्ताको हक हितको संरक्षण हुने गरी दूरसञ्चार सेवाको विकास र विस्तार गर्ने, गराउने, खण्ड (ण) मा दूरसञ्चार सेवाको विकास र प्रबर्द्धनको लागि आवश्यक र उपयुक्त अन्य काम गर्ने । उल्लेख रहेको पाईन्छ । दूरसञ्चार सेवाको क्षेत्रमा नेपाल सरकारलाई आवश्यक सल्लाहहरु समेत दिने निकाय प्राधिकरण रहेको र ऐनद्वारा नै प्राधिकरणलाई नियामक नियकायको रुपमा स्थापना गरेकोले दूरसञ्चार क्षेत्रको प्रतिस्पर्धालाई संकुचित गर्न नदिने, स्वस्थ प्रतिस्पर्धाको लागि आवश्यक नीति निर्देशन दिने, आवश्यक अनुमतिपत्रका शर्तहरु तोक्ने लगायतका कार्य प्राधिकरणबाट गर्नु पर्नेमा द्विविधा देखिदैन । त्यस्तै प्रस्तुत अध्ययनको विषय समेतमा के कसरी Cross Holding सम्बन्धी विषयलाई संबोधन गर्ने, के गरेमा Cross Holding मान्ने कति प्रतिशतसम्म एउटै व्यक्ति समुहको लगानी २ वा २ भन्दा बढी सेवा प्रदायक संस्थामा लगानी गर्न दिने वा नदिने Cross Holding भएका संस्थाको प्रतिस्पर्धा सम्बन्धी आधारहरु के के हुने र त्यस्तो आधारको मूल्यांकन कसरी गर्ने र त्यस्तो आचरण वा व्यवहारबाट वजारमा एकाधिकार जमाउने

वा अन्य सेवा प्रदायकलाई बजारबाट अस्वस्थ प्रतिस्पर्धा गरी विस्थापित गर्ने जस्ता कार्य भए नभएको मूल्यांकन गर्ने आधार के के हुन सक्छन् र कसरी नियमन र व्यवस्थित गर्ने भन्ने मूख्य प्रश्न देखिन्छन् ।

यसै क्रममा Cross Holding भएका कम्पनीहरुमा एउटै व्यक्ति वा समुहको लागि वा शेयरको अनुपात हेर्दा बहुमत शेयर रहेको भएमा त्यस्तो कम्पनीको संचालन, कम्पनीले लिने रणनीति र व्यवहारमा प्रभाव पार्न सक्नेमा द्विविधा हुदैन । यस्तो गर्दा त्यस्तो संस्थाका Minority अन्य शेयरधनीहरुको हित संरक्षणमा प्रतिकूल प्रभाव पर्ने र अर्को कम्पनी जसमा एउटै समूहको बहुमत प्रतिशत शेयर लगानी छ त्यसलाई फाईदा पुऱ्याउने वा अन्य तवरबाट प्रतिस्पर्धा विरोधी काम गर्न लगाउने परिणाम देख्न सक्ने हुन्छ । तसर्थ नीजि क्षेत्र स्वदेशी तथा विदेशी लगानी भई सकेको यस क्षेत्रमा विश्व प्रचलनमा रहेका सिद्धान्त र नेपालका अन्य क्षेत्रमा Cross Holding सम्बन्धमा लिएका सिद्धान्तलाई मध्यनजर गर्नु सान्दर्भिक हुने देखिन्छ ।

एउटा कम्पनीमा एकै व्यक्ति समुहको लगानी १५ प्रतिशतसम्म बैंक तथा वित्तिय क्षेत्रमा दिईएको छ । त्यसैले प्रतिस्पर्धा प्रबर्द्धन र बजार संरक्षण ऐनको दफा ५ मा “कुनै वस्तु वा सेवा उत्पादन वा वितरण गर्ने प्रतिष्ठानले एकाधिकार कायम गर्न वा बजारमा नियन्त्रित व्यापारिक अभ्यास कायम गर्ने उद्देश्यले समान प्रकृतिका वस्तु वा सेवा उत्पादन वा वितरण गर्न अन्य प्रतिष्ठानसग गाभिन, आपसमा मिल्न एक्लै वा आफना सहायक प्रतिष्ठानसग मिली त्यस्ता प्रतिष्ठानका **पचास प्रतिशत वा सो भन्दा बढी शेयर खरिद गर्न वा त्यस्ता प्रतिष्ठानको व्यवसाय कब्जा गरी ग्रहण (टेक ओभर) गर्न** सक्ने छैन” भन्ने व्यवस्था रहेको छ । उपरोक्त कानूनी व्यवस्थाको प्रतिकूल नहुने गरी दूरसञ्चार सेवा संचालक संस्थामा समेत Cross Holding मापदण्ड निर्माण गर्नु उपयुक्त हुने देखिन्छ । कुनै एक दूरसञ्चार सेवा सञ्चालक कम्पनीमा ५१ प्रतिशत लगानी रहेको व्यक्ति वा समूहको अर्को दूरसञ्चार कम्पनीमा समेत ५० प्रतिशत वा सो भन्दा बढी शेयर लगानी रहने गरी लगानी गर्न दिन उपयुक्त हुदैन । Majority Shareholder ले कम्पनीको निर्णयमा महत्वपूर्ण भूमिका राख्ने र रहने भएकोले एउटा भन्दा बढी कम्पनीमा एउटै व्यक्ति समूहको Majority Shareholding हुन दिदा प्रतिस्पर्धा विरोधी कार्य हुन जाने डर र संभावना भएको हुँदा Cross Holding लाई ५१ प्रतिशत भन्दा बढी शेयर एउटामा रहेपछि अर्को सोही प्रकृतिको सेवा सञ्चालन गर्ने संस्थामा १५ प्रतिशत भन्दा बढी लगानी दिन नहुने ।

### (२) Cross Holding गर्न नदिने हो भने के कस्तो अवस्थामा के कस्ता व्यक्ति, समूह वा शेयरधनीलाई Cross Holding गर्न नदिने हो सो को विस्तृत विवरण र सो को कारण र औचित्य खुलाउने ।

एउटै क्षेत्रको व्यवसायमा रहेका बिभिन्न कम्पनीमा एउटा समूह व्यक्तिको मात्र एकाधिपत्य Monopoly रहेमा त्यस्तो एकाधिपत्य Majority रहेको समूह व्यक्तिको प्रभुत्व, रणनितिक तथा ब्यापारिक कारण सम्बन्धित क्षेत्रको बजारमा असर पर्ने हुन्छ । दूरसञ्चार सेवा आम सर्वसाधारणको चासो र सरोकारको विषय भएकोले ५१ प्रतिशत भन्दा बढी शेयर एउटै व्यक्ति समूहको रहने गरी कम्पनी सञ्चालन गर्न नदिने व्यवस्था गर्नु पर्ने र सो को लागि हाल सञ्चालनमा रहेका कम्पनीहरुलाई ५ बर्षको अवधि दिई सो भित्र पब्लिक कम्पनीमा परिणत गराउने व्यवस्था गर्न कम्पनी ऐन एवं दूरसञ्चार ऐनमा संशोधन

गर्न आवश्यक सुझाव दिन उपयुक्त हुन्छ। दूरसञ्चार कम्पनीहरु सामान्यतया ५ करोड भन्दा कम पूजी लगानीमा सञ्चालन गर्न नसकिने भएकोले ५ करोड चुक्ता पूजी हुने वा सो भन्दा बढी पूँजी लगानी हुने कम्पनी प्रा.लि. मा दर्ता गर्न नहुने व्यवस्था गर्न सान्दर्भिक रहन्छ। हाल Cross Holding रहेका कम्पनीमा शेयर लगानी प्रतिशत Cross Holding निर्देशिका जारी गरी ५ बर्षभित्र निर्देशिकाको दायराभित्र ल्याउनु पर्ने व्यवस्था गरी अनुमतिपत्र संशोधन गर्न उपयुक्त हुन्छ।

**(३) कुनै सेवा प्रदायकमा विदेशी शेयरधनी रहेकोमा त्यस्ता शेयरधनीले विदेशमा नै शेयरधनी परिवर्तन गरेको तर सो विषय नेपाल स्थित कम्पनीमा शेयरधनीको परिवर्तन नदेखाएको अवस्थामा के कसरी व्यवस्थापन गर्ने, कुन कानूनी व्यवस्था लागू गरी नियमन गर्ने हो ?**

दूर सञ्चार नीति, २०६० मा विदेशी लगानी ८० प्रतिशत सम्म खुला भएको दूरसञ्चार क्षेत्रमा लगानीकर्ता एउटैले ८० प्रतिशत लिन मिल्ने वा नमिल्ने कुनै खास मापदण्ड निर्धारण भएको छैन। तसर्थ विदेशी लगानीमा समेत एउटै समूहले ८० प्रतिशत वा सो भन्दा कम लिन पाउदैन भनि संकुचित गर्न उपयुक्त हुँदैन। तथापी विदेशी लगानी ८० प्रतिशत सम्म खुला गरिए पनि सञ्चालक समितिमा बहुमत सञ्चालक नेपाली नागरिक हुनु पर्ने WTO को सदस्यता ग्रहण गर्दाको शर्त अनुसार कम्पनीमा विदेशी लगानी ८० प्रतिशतसम्म एउटै व्यक्ति/समूह रहन सक्ने व्यवस्था गर्न उपयुक्त हुने। तर विदेश स्थित कम्पनीको शेयर खरिद विक्रि संस्था दर्ता भएको मुलुकमै हुने भएकोले सो सम्बन्धमा विदेशी कम्पनीको लगानीकर्ताको विवरण पेश गर्न लगाउने र विवरण खुला हुँदा एउटै व्यक्ति समूहको लगानी भएको पाईएमा त्यस्ता कम्पनीको शेयर नेपाली कम्पनीमा Cross Holding निर्देशिकाको सीमा भन्दा बढी दिन नहुने व्यवस्था गर्ने। सो को लागि प्राधिकरणले निर्देशिका जारी गर्ने र विदेशी लगानीको स्वीकृति दिदा सोही शर्त तोकी नेपाल सरकारबाट निर्देशिका जारी गरी नियमन गर्न उपयुक्त हुने। विदेशी कम्पनीको शेयर विदेशमा नै खरिद विक्रि भएको अवस्थामा नेपालबाट त्यस्तो कम्पनीको शेयर खरिद विक्रिलाई नियमन गर्न सकिने देखिदैन। तर त्यस्तो विवरण अद्यावधिक गरी राखी नेपाली दूरसञ्चार बजारमा प्रतिस्पर्धा विरोधी कार्य भए नभएको अनुगमन एवं अध्ययन गरी त्यस्तो भएको पाईएमा प्रचलित कानून बमोजिम कारवाही गरिने व्यवस्था उल्लेख गरी अनुमतिपत्रमा शर्त संशोधन गरी थप गर्ने। विदेशी कम्पनीको शेयर विदेशमै खरिद बिक्रि भएको रहेछ र सो खरिद बिक्रि गर्दा नेपालस्थित कम्पनीमा रहेको लगानीमा कुनै थप मुनाफा वा शेयरको मूल्य बढी भएको आधारमा खरिद विक्रि गरी विक्रिकर्ताले लाभ पाएको रहेछ भने सो लाभमा लाभकर लागू गर्ने प्रयोजनका लागि राजश्व विभाग, कम्पनी रजिष्ट्रारको कार्यालय, महालेखा परिक्षक र प्राधिकरणलाई जानकारी दिनु पर्ने र त्यस्तो लाभकर तिरे बुझाएको पाईएन भने खरिदकर्ताबाट असूल उपर गरिने व्यहोरा थप गरी अनुमतिपत्रमा शर्त थप गर्ने र विदेशी कम्पनीलाई समेत त्यस्तो व्यहोरा खोली लेखी पठाउन उपयुक्त हुन्छ।

**(४) प्रकरण ३ बमोजिम विदेशमै शेयरधनी परिवर्तन हुँदा दूरसञ्चार ऐन, २०५३ को दफा २७ बमोजिम प्राप्त हुने दस्तुरका सम्बन्धमा के कसरी असूल गर्ने हो सो को लागि कुनै कानूनी व्यवस्था थप गर्नु पर्ने हो वा होईन ?**

नेपाल स्थित कम्पनीको शेयर खरिद विक्रि हुदा सम्म पनि **दूरसञ्चार ऐन, २०५३ को** दफा २७ बमोजिम दस्तुर प्राप्त भएको अवस्था नरहेकोले दफा २७ लाई संशोधन गरी कम्पनीको शेयर खरिद विक्रिमा समेत प्राधिकरणको पूर्व स्वीकृति अनिवार्य गर्ने र शेयर स्वामित्व हस्तान्तरणमा दस्तुर लाग्ने व्यवस्था गर्नु पर्ने । ऐनको दफा २७ लाई अनुमतिपत्रको हक हस्तान्तरण र बिक्रि वितरणलाई मात्र सीमित गरी ब्याख्या गर्नु पर्ने अवस्थाबाट हाल देखिएको समस्या समाधान हुन सक्ने देखिदैन । तसर्थ कुनै पनि दूरसञ्चार सेवाको अनुमतिपत्र प्राप्त संस्थाको शेयर खरिद बिक्रि गर्दा कूल पूँजिको ५ प्रतिशत वा सो भन्दा बढी शेयर खरिद बिक्रि गर्दा प्राधिकरणको पूर्व स्वीकृतिमा मात्र शेयर खरिद बिक्रि गर्ने व्यवस्था गर्न अनुमतिपत्रमा थप गर्ने । यसै गरी यस अघि विदेशी दूरसञ्चार सेवा प्रदायक कम्पनी वा संस्था वाहेक अन्य विदेशी व्यक्ति वा संस्थाको नेपाली दूरसञ्चार सेवा प्रदायक कम्पनीमा लगानी भएकोमा त्यस्तो लगानी विदेशी दूरसञ्चार सेवा प्रदायक कम्पनी वा संस्था वा नेपाली व्यक्ति वा संस्थालाई विक्रि गरी नियमित गर्न मनासिव माफिकको समयावधि दिने ।

उक्त अनुमतिपत्रको शर्तको जानकारी कम्पनी रजिष्ट्रारको कार्यलयलाई गराई सहयोग माग गर्ने व्यवस्था गर्न आवश्यक हुने देखिन्छ ।

**(५) Cross Holding लाई नियमन गर्ने सम्बन्धमा दूरसञ्चार ऐन, नियममा व्यवस्थित गर्नुपर्ने हो वा अन्य ऐनको कानूनी व्यवस्थाबाट नियमन गर्न सकिन्छ ?**

कुनै पनि वस्तु सेवा व्यापारका लागि स्थापित व्यक्ति/समूहबाट प्रतिस्पर्धा विरोधी गतिविधि हुन सक्ने अवस्थालाई मध्येनजर गरी एउटै व्यक्ति समूहको एकाधिकार हुन सक्ने गरी लगानी गर्न दिन उपयुक्त हुदैन । तसर्थ विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, औद्योगिक व्यवसाय ऐन, कम्पनी ऐन जस्ता मुल ऐनहरुमा यस्ता Cross Holding विषयलाई संबोधन गर्ने उचित व्यवस्था गर्न सान्दर्भिक देखिन्छ । तर तत्कालका लागि दूरसञ्चार क्षेत्रमा Cross Holding जस्तो विषयलाई संबोधन गर्न दूरसञ्चार ऐन नियममा देहायको संशोधन गर्न उपयुक्त देखिन्छ ।

(क) दूरसञ्चार ऐनको दफा २७ मा सेवा खरिद विक्रि गर्दा समेत स्वीकृति लिनु पर्ने, Cross Holding हुने गरी शेयर विक्रि गर्न नदिने व्यवस्था थप गरी यसको लागि दूरसञ्चार ऐनमा संशोधन गर्नु पर्ने ।

(ख) दूरसञ्चार सेवा सञ्चालन गर्न चाहने निवेदक कम्पनी ( ५ करोड वा सो भन्दा कम चुक्ता पूँजी हुने कम्पनी र दूरसञ्चारको Value Added सेवा बाहेकका कम्पनीहरु) पब्लिक कम्पनीको रुपमा दर्ता हुनु पर्ने । भई रहेका कम्पनीको बार्षिक कारोबार ५ करोड वा सो भन्दा माथि भएमा १ बर्षभित्र पब्लिक कम्पनी दर्ता गर्ने व्यवस्था गर्न सम्बन्धित कम्पनीहरुलाई निर्देशन

जारी गर्ने र सोको लागि कम्पनी ऐन, २०६३ को दफा १२ मा संशोधन गरी दूरसञ्चार सेवा सञ्चालन गर्ने कम्पनी ( ५ करोड वा सो भन्दा कम चुक्ता पूँजी हुने कम्पनी र दूरसञ्चारको Value Added सेवा बाहेकका कम्पनीहरु)_पब्लिक कम्पनीको रुपान दर्ता गर्ने व्यवस्था थप गर्ने वा दूरसञ्चार ऐनमा आवश्यक व्यवस्था थप गर्ने ।

(ग) Cross Holding सम्बन्धी निर्देशिका जारी गर्ने र सो निर्देशिका अनुकुल अनुमतिपत्रमा शर्त तोक्ने र सो शर्त बमोजिममात्रै स्वीकृति दिने व्यवस्था गर्ने ।

(घ) हालको समस्याको लागि सम्बन्धित कम्पनीहरुलाई Cross Holding गर्न नपाउने शर्त राखी अनुमतिपत्र संशोधन गरी निर्णय गर्ने । Cross Holding भै सकेको अवस्था भएमा बढिमा ३ बर्षको अवधि दिई Cross Holding निर्देशिका मापदण्डभित्र आउनु पर्ने व्यवस्था गर्न उपयुक्त देखिन्छ ।

(ङ) Cross Holding सम्बन्धी निर्देशिका जारी गर्दा माथि उल्लेखित व्यवस्थाका अतिरिक्त Cross Holding रहेका कम्पनीलाई बाध्यकारी मर्जरमा लगिने व्यवस्था उल्लेख गर्ने ।

प्रस्तुत प्रतिवेदन कार्यान्वयन गर्दा आईपर्ने समस्या पहिचान गर्न वा प्राधिकरणबाट संबन्धित निकायमा सिफारिश गर्नु पूर्व यस क्षेत्रका सरोकारवालाको राय सुझाव लिन उपयुक्त हुने देखिएको छ ।

दूरसञ्चार क्षेत्रमा रहेको वा हुन सक्ने Cross Holding सम्बन्धमा सर्व प्रथम नीति निर्माण हुन र सोही नीतिको आधारमा नियम विनियम वा निर्देशिका बनाउन मनासिव हुने कार्यटोलीको धारणा रहेको छ । यस प्रसंगमा प्रस्तुत प्रतिवेदनले नीति निर्माणमा सघाउ पुग्ने र यस अनुसार समेत नीति निर्माण भै सकेपछि उल्लिखित नियम, विनियम वा निर्देशिकाको मसौदा तयार गर्न उपयुक्त हुने व्यहोरा पेश गरेका छौ ।

| | | |
|---|---|---|
| .................. | ................ | ................ |
| कैलाशप्रसाद न्यौपाने | शिवनाथ पाण्डे | भाष्करमणि ज्ञवाली |
| सदस्य सचिव | सदस्य | संयोजक |